नेपाली महाबाणिज्यदूताबास, हङ्कङ्ग
CONSULATE GENERAL OF NEPAL
UNIT 715, NORTH TOWER, CONCORDIA PLAZA
1 SCIENCE MUSEUM ROAD
TSIM SHA TSUI EAST, KOWLOON, HONG KONG
TEL: (852) 2369 7813 FAX: (852) 2824 2970

# प्रेस विज्ञप्ति

केही समय यता आकर्षक रोजगारको अवसर दिलाउने झूटो आश्वासनको जालमा परी नेपाली नागरिकहरु हङकङ आइपुगेर अलपत्र पर्ने घटनाहरु बृद्धि हुनथालेका छन् । हङकङमा आकर्षक तलबमा काम गर्न पाउने भ्रममा पारी सर्वसाधारण व्यक्तिहरुलाई दलालहरुले शेन्झेन र जुहाई लगायतका सीमावर्ती चिनियां शहरबाट प्रहरी र अध्यागमनको आंखा छल्दै माछा मार्ने साना डुंगाको जोखिमपूर्ण यात्रापश्चात् हङकङका विकट पहाडी सीमाक्षेत्रमा ल्याई अलपत्र छाडिदिने गरेको बुझिएको छ । त्यसरी अलपत्र परेका धेरैजसो व्यक्तिहरु खानेबस्ने व्यवस्थाको अभावमा पार्क र सार्वजनिक स्थलहरुमा रात विताउन वाध्य भई कष्टकर अवस्थामा रहनेगरेका छन् ।

पीडित व्यक्तिहरुले दिएको जानकारीका आधारमा दलालहरुले सर्वसाधारण व्यक्तिहरुलाई काठमाडौंबाट बैंकक वा क्वालालम्पुर हुंदै मकाउ एवम् मकाउबाट मुख्यभूमि चीन प्रवेश गराई सामुद्रिक मार्ग हुंदै हङकङ प्रवेश गराउने प्रवृत्ति देखिन्छ । हङकङ आइपुगेपछि संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोगमा शरणार्थीका रुपमा नाम दर्ता गर्न पाइने र सो आयोगले उपलब्ध गराउने कागजातको आधारमा वैध रुपले काम गर्न पाइने विश्वास दिलाएर दलालहरुले प्रतिव्यक्ति तीन देखि छ लाखसम्म ठगी गर्नेगरेको खुल्न आएको छ ।

हङकङले शरणार्थी सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा हस्ताक्षर नगरेको हुंदा हङकङमा शरण पाउने सम्भावना छैन । तथापि, हङकङले यातना सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (CAT) मा भने हस्ताक्षर गरेकाले आफ्नो मुलुकमा यातनाको शिकार भई देश छाड्न वाध्य भएको वा अब आफ्नो मुलुक फर्केमा यातनाको शिकार हुने बताउने व्यक्तिको दावीको सत्यता जांच गर्न हङकङ सरकारले संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोगको हङकङ कार्यालयलाई जिम्मेवारी सुम्पेको छ । उक्त कार्यालयले यातना सम्बन्धी दावीको सत्यता जांच नगरुन्जेल हङकङमा रहनपाउने गरी परिचयपत्र जारी गर्नेगरेको भए तापनि हङकङको कानून अनुसार त्यसरी बस्ने व्यक्तिलाई रोजगारको स्वतन्त्रता हुंदैन । तीमध्ये केही व्यक्तिले यदाकदा अत्यन्त थोरै पारिश्रमिकमा गैह्रकानूनी रुपले काम गर्न प्रयास गरेपनि हङकङ सानो ठाउं भएको र कानून एवम् व्यवस्थाको कार्यान्वयनमा कडाइ गरिने भएकाले अवैध रोजगार र आयआर्जन गर्नसक्ने सम्भावना अत्यन्त न्यून छ । साथै, नेपालमा द्वन्द्वको अन्त्य पश्चात् शान्ति प्रक्रिया जारी रहेको पृष्ठभूमिमा यातना सम्बन्धी दावी स्थापित हुने आधार समेत् देखिदैन । तसर्थ, सो आयोगमा यातना सम्बन्धी दाबी स्थापित हुने र त्यसको आधारमा तेस्रो मुलुकमा शरण लिनसक्ने सम्भावना पनि न्यून हुन्छ ।

हङकङ अध्यागमन विभागले सन् २००५ यता नेपाली नागरिकहरुलाई रोजगार प्रवेशाज्ञा दिने व्यवस्था बन्द गरेको छ । तसर्थ, नेपाली नागरिकहरुलाई हङकङ प्रवेशमा रहेको कडाइलाई खुकुलो बनाई खासगरी सुरक्षा क्षेत्र र महिलाहरुका लागि घरेलु कामदारका रुपमा रोजगारीको अवसर उपलब्ध गराउने दिशामा नेपाली महावाणिज्यदूतावास हङकङले कूटनीतिक पहल जारी राखेको छ । तथापि, त्यसो नहुञ्जेल नेपालीहरु गैह्रकानूनी ढंगले हङकङ प्रवेश गर्ने घटनाहरुले एकातर्फ पीडित व्यक्तिहरुले अकल्पनीय मानसिक र शारीरिक कष्ट र ठूलो आर्थिक नोक्सान व्यहोर्नुपरेको छ भने अर्कातर्फ सर्वसाधारण नेपालीहरुलाई हङकङ प्रवेशमा रहेको कठिनाइ हटाई रोजगारको अवसर सिर्जना गर्ने प्रयत्नमा समेत् जटिलता थपिन जाने निश्चित छ ।

तसर्थ आकर्षक पारिश्रमिक सहित् रोजगारको अवसर दिलाउने आश्वासन दिने व्यक्ति वा संस्थाको विश्वासमा नपर्नुहुन तथा रोजगारीको लोभ देखाई ठगी गर्ने व्यक्ति वा संस्थाका बारेमा हङकङका हकमा यस दूतावास तथा नेपालमा भए श्रम मन्त्रालय तथा गृह मन्त्रालयमा जानकारी दिई सहयोग गर्नुहुन नेपाली महावाणिज्यदूतावास हङकङ सम्बन्धित सम्पूर्ण व्यक्तिहरुमा हार्दिक अनुरोध गर्दछ ।

२९ असार २०६६ (१३ जुलाई २००९)